## तिनाउ गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८३।०५।१२ गतेको बैठकका निर्णयहरु

१. यस अगाडीको बैठकमा गरिएका निर्णयहरु बारे समिक्षा गरि कार्यान्वयनमा आएका निर्णयहरुलाई नियमानुसार प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

२. तिनाउ गाउँपालिकाको आर्थिक बर्ष २०८३।०८४ को स्विकृत बार्षिक बिकास कार्यक्रम अन्तर्गत वडा कार्यालयहरुबाट विनियोजित गरिएको योजना तथा कार्यक्रमहरु प्रभावकारी रुपमा समयमै सम्पन्न गर्न प्रत्येक वडा कार्यालयहरुले उक्त योजना तथा कार्यक्रमहरुको खरिद बिधी उल्लेख गरि वडा समितिको निर्णय सहित गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस गर्ने र बार्षिक खरिद योजना अनुसार तोकिएको खरिद विधी अनुरुप खरिद प्रकृया अगाडी बढाउने एवं दशै सोरसारको सम्बन्धमा गाउँपालिकाको सवारी साधन प्रयोग गरि सोरसार गर्नुपर्ने भएमा लग बुक तयार तथा प्रमाणित गरि स्विकृत दररेट अनुरुप हुने गरि कार्यान्वयन प्रकृया अगाडी बढाउने ।

३. मिति २०८३ साल भदौ १० गते रसुवा जिल्लाको भोटेकोशी नदिमा आएको बिनाशकारी बाढीका कारण नदिमार्गका रसुवा,नुवाकोट तथा धादिङ लगायतका जिल्लाहरुका नदि तटका क्षेत्रहरुमा अत्याधिक क्षति पुगी व्यापक धनजनको क्षति भएकोमा तिनाउ गाउँपालिका अत्यन्त मर्माहत हुँदै मृतकहरु प्रती हार्दिक श्रद्धाञ्जली तथा शोकाकुल परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्ने । साथै बाढीका कारण घाइते तथा प्रभावितहरुको शिघ्र स्वास्थ्य लाभ तथा पुर्नस्थापनको कामना र बेपत्ताहरुको सकुशल फिर्तीको कामना गर्ने । साथै उक्त राष्ट्रिय विपदको घडिमा प्रभावित नागरिकको खोज,उद्धार,राहत तथा पुर्नस्थापनाको लागि ऐक्यबद्धता प्रकट गर्दै प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा देहायबमोजिम रकम उपलब्ध गराउने ।

देहायः

| सि न | खर्च व्यहोर्ने कार्यक्रम/ शिर्षक | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | तिनाउ गाउँपालिका विपद व्यवस्थापन कोष | ३,००,०००। | |
| २ | लक्षित वर्ग कार्यक्रम | १,००,०००। | हरितालिका तिज (महिला लक्षित ) |
| ३ | लक्षित वर्ग कार्यक्रम (सबै वडा) | ३,००,०००। | हरितालिका तिज (५००००*६) |
| ४ | सेवासुविधा जनप्रतिनिधी | ५१,०००। | मासिक सुविधाको १५% |
| ५ | पारिश्रमिक कर्मचारी | ५,५५,०००। | अधिकृत स्तरको ७ दिन,सहायक स्तरको ५ दिन र श्रेणीविहिनको २ दिन |
| ६ | पारिश्रमिक शिक्षक तथा विद्यालय कर्मचारी | १९,०८,०००। | |
| | जम्मा | ३२,१४,०००। | |

४. तिनाउ गाउँपालिका र तिनाउ गाउँपालिकाको क्षेत्रमा खानी उद्योग सञ्चालक तथा प्रतिनिधीहरु बिच छलफल भई देहायका निर्णय भएको ।

अ. आर्थिक बर्ष २०८२।०८३ को वातावरण तथा विकास शुल्क देहायबमोजिम कायम गरि संकलन गर्ने ।

| सि न | खानीको नाम | २०८३ माघ मसान्तसम्म | २०८४ जेठ मसान्तसम्म | कैफियत |
|---|---|---|---|---|
| १ | सर्वोत्तम सिमेन्ट | १७,५०,०००। | १७,५०,०००। | |

| | | | | |
|---|---|---|---|---|
| २ | सिर्द्धाथ मिनरल्स | २५,००,०००। | - | दाखिला भएको |
| ३ | अल्फा कम्पनी एण्ड डोलोमाइट्स | १२,५०,०००। | १२,५०,०००। | |
| ४ | कञ्चन क्वेरिज | १२,५०,०००। | १२,५०,०००। | |
| ५ | सत्यवती खानी | १२,५०,०००। | १२,५०,०००। | |
| ६ | डोलोमाइट्स चुनढुङ्गा | ७,५०,०००। | ७,५०,०००। | |

आ. व्यवसायिक सामाजिक जिम्मेवारी कार्यान्वयन कार्यविधी,२०८२ अनुरुप खानी उद्योगहरुले CSR बापतको रकम खर्च तथा कार्यान्वयन गर्ने ।

५. तिनाउ गाउँपालिका वडा नं २ स्थित नुवाकोट सांस्कृतिक डबली सञ्चालन तथा व्यवस्थापन गर्ने प्रयोजनार्थ सांस्कृतिक डबली तथा पार्क सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०८३ बमोजिम आवश्यक प्रकृया अगाडी बढाउने र लिज तथा भाडाको सन्दर्भमा ५ बर्ष अवधि र न्यूनतम मूल्य मासिक ३८ हजार पाँच सय कायम गरि ठेक्का प्रकृया अगाडी बढाउने ।

६. तिनाउ गाउँपालिकामा चालू आर्थिक वर्षमा सडक संरचना निर्माण कार्यको लागि सडक विभाग (Department of Roads - DoR) को नर्म्स तथा मापदण्ड र भवन निर्माण कार्यको लागि सहरी विकास तथा भवन निर्माण विभाग (DUDBC) नर्म्स तथा मापदण्ड अनुरुप हुने गरि गर्ने ।

७. तिनाउ गाउँपालिकाको कृषि तथा पशुपंक्षी व्यवसाय प्रर्वद्धन कार्यक्रम र तिनाउ गुणस्तरिय शैक्षिक विकास तथा साक्षरता सुधार परियोजना को कार्यान्वयन क्रियाकलापगत रुपमा रकम बाँडफाँड कायम गरि कार्यान्वयन गर्ने ।

निर्णय सार्वजनिक मिति: २०८३/०५/१४ गते

तिनाउ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
दोभान, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

यादव अर्याल
प्रवक्ता